## सूर्योदय नगरपालिकाको नगर कार्यपालिका (कार्यसम्पादन) (दोस्रो संशोधन) नियमावली, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति: २०७९।०३।०५ गते

**प्रस्तावना:** नेपालको संविधानको धारा २१८ बमोजिम नगर कार्यपालिकाबाट सम्पादन हुने कार्यलाई व्यवस्थित गर्न बनेको सूर्योदय नगरपालिकाको कार्यपालिका(कार्यसम्पादन) नियमावली, २०७४ भएका व्यवस्थाहरुमा केही संशोधन गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी, सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस नियमावलीको नाम "सूर्योदय नगरपालिकाको नगर कार्यपालिका (कार्यसम्पादन) (दोस्रो संशोधन) नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:-

(क) "मूल नियमावली" भन्नाले सूर्योदय नगरपालिकाको **नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४** लाई सम्झनु पर्दछ ।

३. **प्रस्तावनामा संशोधन:** मूल नियमावलीको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छ :

"**प्रस्तावना:** नेपालको संविधानको धारा २१८ बमोजिम नगरकार्यपालिकाबाट सम्पादन गरिने कार्यलाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।"

४. **नियम १५ मा संशोधन:** (१) मूल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (च) र (छ) हटाइएको छ ।

(२) मूल नियमावलीको नियम १५ को उपनियम (५) मा रहेको "प्रमुख प्रशासकीय अधिकृत तथा अन्य सम्बन्धित समितिका शाखा प्रमुखले" भन्ने शव्दावलीको सट्टा "सम्बन्धित विषयगत समितिको सदस्य सचिवले" भन्ने शव्दावली राखिएको छ ।

(३) मूल नियमावलीको नियम १५ को उपनियम (६) पछि देहायको उपनियम (७) थप गरिएको छ :

"(७) नगरपालिकाको आवधिक योजना, विषयक्षेत्रगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा उपनियम (१) बमोजिमको समितिले विषयगत योजना तर्जुमा समितिको रुपमा समेत कार्य सम्पादन गर्नेछ ।"

५. **नियम १५क. थप:** मूल निमावलीको नियम १५ पछि देहायको नियम १५क. थप गरिएको छ ।

"१५क. विधेयक समितिको गठन: (१) कार्यपालिकाले कार्यपालिकामा निर्णयका लागि पेश भएका देहायका विषयसँग सम्बन्धित प्रस्तावमा निर्णय गर्नुपूर्व आवश्यकता अनुसार राय, सल्लाह र सुझाव लिनका लागि विधेयक समिति गठन गर्नेछ ।

क. नगर सभामा पेश हुने विधेयक सम्बन्धी

ख. नगर कार्यपालिकामा पेश हुने नियम, विनियम, कार्यविधि, मापदण्ड, निर्देशिका सम्बन्धी

ग. कुनै कानूनी प्रश्न समावेश भएको नीति तथा कार्यक्रम सम्बन्धी

६. **नियम २२ मा संशोधन:** मूल नियमावलीको नियम २२ को उपनियम (१) मा रहेको "नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहमा हस्तान्तरण भै आएका शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास,

सिंचाई, खानेपानी तथा सरसफाई, स्थानीय आर्थिक विकास, पूर्वाधार विकास लगायतका अन्य कार्यहरु र" भन्ने शव्दहरु हटाइएको छ।

(२) मूल नियमावलीको नियम २२ को उपनियम (२) हटाइएको छ ।

७. **नियम २३ मा संशोधन:** मूल नियमावलीको नियम २३ को उपनियम (१) मा "प्रमुख प्रशासकीय अधिकृत मार्फत" भन्ने शव्दावली पछि रहेको "सम्बन्धित शाखा (वित्त व्यवस्थापन शाखा, योजना शाखा, प्रशासन शाखा, महिला तथा वालवालिका शाखा, कृषि तथा पशु सेवा शाखा, लेखा, पञ्जीकरण शाखा, रोजगार शाखा, सहकारी शाखा, स्वास्थ्य शाखा, कानूनसँग सम्बन्धित शाखा) को" भन्ने शव्दावलीको सट्टा "सम्बन्धित शाखाको प्रस्ताव उपर वित्त व्यवस्थापन, योजना, प्रशासन र कानूनसँग सम्बन्धित शाखाको" भन्ने शव्दावली राखिएको छ।

८. **नियम २४ मा संशोधन:** मूल नियमावलीको नियम २४ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ।

"(२) उपनियम (१) बमोजिम विधेयकको मस्यौदा पेश हुनुपूर्व नियम १५क. बमोजिमको विधेयक समितिमा मस्यौदा उपर छलफल गरी सिफारिस साथ स्वीकृतिका लागि नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ।"

९. **नियम २५ हटाइएको:** मूल नियमावलीको नियम २५ हटाइएको छ।

१०. **नियम ३० मा संशोधन:** मूल नियमावलीको नियम ३० को सट्टा देहाय को नियम ३० राखिएको छ।

(३०. संशोधन तथा थपघट: नगरकार्यपालिकाले आवश्यकता अनुसार यस नियमावलीमा संशोधन तथा थप घट गर्न सक्नेछ।"

११. **नियम थप गरिएको :** मूल नियमावलीको नियम ३० पछि देहायको नियम ३१ थप गरिएको छ।

"३१. कार्यविधि बनाउन सक्ने : यस नियमावलीमा भएको व्यवस्था कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक कार्यविधि बनाउन सक्नेछ।"

१२. **अनुसूची ३ संशोधन:** मूल नियमावलीको अनुसूची – ३ देहाय अनुसार रहने गरी संशोधन गरिएको छ।

अनुसूची – ३

कार्यपालिकाको विषयगत समितिहरुको कार्यक्षेत्र

(नियम १५ को उपनियम (६) सँग सम्बन्धित)

(१) सामाजिक विकास समितिको कार्यक्षेत्र:

क. शिक्षा, संस्कृति, भाषा, कला तथा साहित्य
ख. जनस्वास्थ्य तथा पोषण,
ग. खानेपानी तथा सरसफाई,
घ. महिला, वालबालिका र सामाजिक समावेशीकरण,
ङ. युवा, खेलकुद तथा नवप्रबर्तन।

(२) पूर्वाधार विकास समितिको कार्यक्षेत्र:

क. भवन, वस्ती, आवास तथा शहरी विकास,
ख. सडक, पुल तथा यातायात ब्यबस्था,
ग. जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा,
घ. सूचना तथा सञ्चार प्रविधि विकास।

(३) आर्थिक विकास समितिको कार्यक्षेत्र:

- क. कृषि विकास,
- ख. पशुपन्छी विकास,
- ग. सिंचाई,
- घ. पर्यटन प्रबर्द्धन,
- ङ. सहकारी तथा गरिवी निवारण एबम वित्तीय क्षेत्र,
- च. उद्योग, व्यापार तथा व्यवसाय
- छ. श्रम तथा रोजगार प्रबर्द्धन।

(४) वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको कार्यक्षेत्र:

- क. वन, हरियाली र जैविक विविधता,
- ख. भू-संरक्षण र जलाधारका व्यवस्थापन,
- ग. वातावरण तथा फोहोरमैला ब्यबस्थापन,
- घ. विपद् व्यवस्थापन तथा जलबायु उत्थानशिलता।

(५) सुशासन तथा संस्थागत विकास समितिको कार्यक्षेत्र:

- क. स्थानीय सेवा तथा जनशक्ति ब्यबस्थापन,
- ख. सङ्गठन तथा क्षमता विकास,
- ग. राजस्व तथा श्रोत परिचालन,
- घ. तथ्यांक प्रणाली तथा योजना र विकास व्यवस्थापन
- ङ. नीति, कानून, न्याय तथा सुशासन।